प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) धनगढी, कैलाली, फाल्गुन १९ गते, २०७८ साल (संख्या ५

भाग २

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति (दोस्रो संशोधन) गठन आदेश, २०७८

सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो गठन आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति (दोस्रो संशोधन) गठन आदेश, २०७८" रहेको छ ।

(२) यो आदेश मन्त्रिपरिषदबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ को दफा ४ मा संशोधनः** "सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थान समिति गठन आदेश, २०७५" (यसपछि "मूल आदेश" भनिएको) को दफा ४ कोः-

(१) उपदफा (१) कोः-

(क) खण्ड (क) को उपखण्ड (५) मा रहेका "समाजसेवीहरुबाट मन्त्रालयले मनोनयन गरेको एकजना महिला सहित तीनजना" भन्ने शब्दहरुको सट्टा "समाजसेवीहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुईजना महिला सहित पाँचजना" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) को उपखण्ड (८) मा रहेका "समाजसेवीहरुबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति एकजना महिला सहित तीनजना" भन्ने शब्दहरुको सट्टा "समाजसेवीहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुईजना महिला सहित पाँचजना" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (ग) को उपखण्ड (८) मा रहेका "समाजसेवीहरुबाट मन्त्रालयले मनोनयन गरेको एकजना महिला सहित तीनजना" भन्ने शब्दहरुको सट्टा "समाजसेवीहरु मध्येबाट

मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुईजना महिला सहित पाँचजना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) को खण्ड (ग) मा रहेका "कम्तीमा स्नातक तह" भन्ने शब्दहरु पछि तथा "ख" र "ग" वर्गका अस्पतालको समितिको अध्यक्ष पदमा मनोनयन हुनका लागि कम्तीमा प्रवीणता प्रमाणपत्र तह" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) मा रहेका "दुई बर्षको" भन्ने शब्दहरुको सट्टा "तीन बर्षको" भन्ने शब्हरु राखिएका छन् ।

३. **मूल आदेशको दफा ७ मा संशोधनः** मूल आदेशको दफा ७ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

(४) अस्पतालको चल अचल सम्पत्ति तथा सवारी साधन समितिको अध्यक्ष लगायतका पदाधिकारीहरुले कार्यालय प्रयोजनका लागि प्रयोग गर्न पाउनेछन् ।

४. **मूल आदेशको दफा ८ मा संशोधनः** मूल आदेशको दफा ८ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

(८) समितिको कोषको रकम अस्पताल व्यवस्थापन समितिले स्वीकृत गरेको बार्षिक कार्य योजना अनुसार खर्च गर्नु पर्नेछ ।

स्वीकृत मिति : २०७८/११/११

आज्ञाले,
रीता भण्डारी जोशी
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलालीद्धारा मुद्रित